# इलाम नगरपालिका

# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ६ सङ्ख्या : १५ मिति : २०७९।११।२९**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, नगर दलित समन्वय समिति (दोस्रो संशोधन) कार्यविधि, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## इलाम नगरपालिका, नगर दलित समन्वय समिति (दोस्रो) कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।२९**
**प्रमाणीकरण मिति : २०७९।११।२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७४।११।२५ मा स्वीकृत इलाम नगरपालिका, "नगर दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७४" मिति २०७६।७।५ मा पहिलो संशोधन भइ कार्यान्वयन भइरहेको सन्दर्भमा कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि सो कार्यविधिमा निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **इलाम नगरपालिका, नगर दलित समन्वय समिति (दोस्रो संशोधन) कार्यविधि, २०७९,** नगर कार्यपालिकाको मिति २०७९।११।२९ को निर्णयबाट जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम **इलाम नगरपालिका, नगर दलित समन्वय समिति (दोस्रो संशोधन) कार्यविधि, २०७९,** रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दफा ३.** इलाम नगरपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् ग्यारेण्टी गरी इलाम नगरपालिकालाई समतामूलक नगरको रुपमा विकास गर्नको लागि निम्नानुसार समिति गठन हुनेछ र सो समितिको अध्यक्ष १, उपाध्यक्ष १, महिला उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ कार्यपालिकाबाट र सदस्य ९ जना साथै ५ जनासम्म सल्लाहकार प्रमुखबाट मनोनयन हुनेछ । समितिका पदाधिकारी तथा सदस्यहरुले नगरपालिकाको निर्देशनबमोजिम शपथ ग्रहण गर्नु अनिवार्य हुनेछ । सचिव र सहसचिव मध्ये कुनै एक महिला हुनु अनिवार्य हुनेछ :

(क) अध्यक्ष – १
(ख) उपाध्यक्ष – १
(ग) महिला उपाध्यक्ष – १
(घ) सचिव – १
(ङ) सहसचिव – १
(च) कोषाध्यक्ष – १
(छ) सदस्य – ९

आज्ञाले
गणेशकुमार खड्का
प्रमुन प्रशासकीय अधिकृत